महालक्ष्मी विकास बैंक लि.
Mahalaxmi Bikas Bank Ltd.
सबल बैंक, सफल सहकार्य

Business Connect MOST CUSTOMER-CENTRIC BANK OF THE YEAR 2025

BPA 2018 | SAFA 2018 | L&D BFIN 2023 | CERTIFIED ISO 9001:2015 COMPANY

# महालक्ष्मी बुलेटिन

## वर्ष ७, अंक २७



## Vision दुरदृष्टि

To become "The Most Trusted Bank" to the customers, to the employees, to the stakeholders and to the regulators through the process of continuous innovation and improvement, strong corporate governance and professional work culture.

निरन्तर नविनतम खोज तथा सुधार, बलियो संस्थागत सुशासन तथा व्यवसायिक कार्य संस्कृतीको माध्यमबाट ग्राहकवर्ग, कर्मचारी, सरोकारवाला तथा नियमनकारी निकायहरु बीच सबैभन्दा विश्वासिलो बैंकको रुपमा स्थापित हुने ।

## Mission मिसन

Our Mission is to offer safety of deposits & render best services to the customers, build the best place to work with, provide best & perpetual returns to the stakeholders with the strict compliance to the regulations.

नियमनकारी निकायबाट जारी नियामकीय निर्देशनको पुर्ण रुपमा अनुपालना गर्दै निक्षेपको सुरक्षण प्रदान गर्ने, ग्राहकलाई विशिष्ट सेवा प्रदान गर्ने, बैंकलाई उत्तम कार्यथलोको रुपमा विकसित गर्ने तथा शेयरधनीहरुलाई सदैव उचित प्रतिफल प्रदान गर्ने ।

## Objectives उद्देश्यहरु

- Provide excellence in customer service by proactive approach.
- Sell financial products that are competitively priced.
- Continue business in an ethical, transparent and responsible manner, becoming the role model of corporate governance.
- Deliver strong financial and operational efficiency by implementing cutting edge technology.
- Continuously improve the asset quality to obtain sustainable returns.
- Apply cost effective approach to reduce operational expenses.
- Adopt professional approach in effectively managing financial as well as non-financial risks.
- Build a centre for career growth to performing employees.
- Maximize profitability by working under the guideline of regulators and internal policies/ guideline.

- पुर्व सक्रियताको माध्यमबाट ग्राहक सेवामा विशिष्टता प्रदान गर्ने ।
- प्रतिस्पर्धी बजार मुल्यमा वित्तीय सेवा प्रदान गर्ने ।
- व्यवसायमा नैतिकता, पारदर्शीता तथा उत्तरदायित्वलाई निरन्तर आत्मसाथ गर्दै संस्थागत सुशासनमा नमुनाको रुपमा प्रस्तुत हुने ।
- अत्याधुनिक प्रविधिको प्रयोग गरी बलियो वित्तीय तथा सञ्चालन प्रभावकारिता प्रदान गर्ने ।
- दिर्घकालीन प्रतिफल आर्जन गर्न सम्पत्ति गुणस्तरमा निरन्तर सुधार गर्ने ।
- वित्तीय तथा गैर वित्तीय जोखिम प्रभावकारी रुपमा व्यवस्थापन गर्न व्यवसायिक पद्धतीको अवलम्बन गर्ने ।
- लागत प्रभावकारिताको माध्यमाबाट सञ्चालन खर्च कम गर्ने ।
- कुशल कार्य प्रदर्शन गर्ने कर्मचारीहरुलाई वृत्ति विकासको लागि केन्द्र निर्माण गर्ने ।
- नियमनकारी निकायहरुबाट जारी गरिएका मार्गदर्शन तथा आन्तरिक निति/मार्गदर्शन भित्र रही नाफा वृद्धि गर्ने ।

## Corporate Values संस्थागत मूल्यहरु

- Customer Centric
- Respecting all forms of diversity
- Committing towards high level of ethics, governance and professionalism
- Focusing towards innovation
- Being accountable for all our actions

- ग्राहक केन्द्रित
- सबै प्रकारको विविधताको सम्मान
- नैतिकता, सुशासन तथा व्यवसायिकता प्रति उच्तम प्रतिबद्धता
- नवप्रवर्तन प्रति जोड
- हाम्रो सबै कार्य प्रति हामी सबै उत्तरदायी

# Financial Highlights

## As on Poush End 2082
## As per Unaudited Financial Report (Amount in NPR)

**Deposit**
Poush 2081: 54.09 Arba
Poush 2082: 54.21 Arba
Change: 0.22%

**Loan (NET)**
Poush 2081: 46.75 Arba
Poush 2082: 46.24 Arba
Change: -1.09%

**Balance Sheet Size**
Poush 2081: 63.03 Arba
Poush 2082: 63.19 Arba
Change: 0.25%

**Number of Deposit Account**
Poush 2081: 8,01,901
Poush 2082: 8,43,808
Change: 5.23%

**Net Profit**
Poush 2081: 28.75 Crore
Poush 2082: 30.59 Crore
Change: 6.41%

**NPL %**
Poush 2081: 4.93%
Poush 2082: 6.10%
Change: 1.17%

**Operating Profit**
Poush 2081: 41.23 Crore
Poush 2082: 47.84 Crore
Change: 16.04%

**Number of Loan Accounts**
Poush 2081: 20,988
Poush 2082: 19,048
Change: -9.24%

**Reserve**
Poush 2081: 2.51 Arba
Poush 2082: 2.56 Arba
Change: 2.27%

**Profit Before Tax**
Poush 2081: 41.07 Crore
Poush 2082: 43.70 Crore
Change: 6.41%

**Net Worth Per Share**
Poush 2081: 165.35
Poush 2082: 165.48
Change: 0.08%

**Earnings Per Share (Annualized)**
Poush 2081: 13.78
Poush 2082: 14.24
Change: 3.35%

**Net Operating Income**
Poush 2081: 97.13 Crore
Poush 2082: 106.33 Crore
Change: 9.47%

**Number of ATMs**
Poush 2081: 49
Poush 2082: 32
Change: -16

**Number of Branches**
Poush 2081: 103
Poush 2082: 103

# महालक्ष्मी विकास बैंक लि.को २४ औं वार्षिक साधारण सभा सम्पन्न

महालक्ष्मी विकास बैंक लिमिटेडको २४ औं वार्षिक साधारण सभा बैंक सञ्चालक समितिका अध्यक्ष श्री राजेश उपाध्यायको अध्यक्षतामा मिति २०८२ साल पौष २१ गते सोमबार (तद्अनुसार ०५ जनवरी, २०२६) त्रिभुवन आर्मी अफिसर्स क्लब, भद्रकाली, काठमाडौमा सम्पन्न भएको छ ।

यस अवसरमा २०८२ साल आषाढ मसान्तको वासलात तथा आ.ब. २०८१/०८२ को नाफा नोक्सान हिसाव एवं सोही अवधिको नगद प्रवाह विवरण, नाफा/नोक्सान बाँफाँड हिसाब, ईक्विटीमा भएको परिवर्तन लगायत वार्षिक आर्थिक विवरणसँग सम्बद्ध वित्तीय विवरणहरु छलफल गरी स्वीकृत भएका छन् । यसै गरी वार्षिक साधारण सभा मार्फत संचालक समितिले प्रस्ताव गरे बमोजिम १०.३७ प्रतिशत लाभाशं वितरण गर्ने प्रस्ताव समेत अनुमोदन भएको छ । यस अन्तर्गत आ.व.२०८१/०८२ को वितरणयोग्य मुनाफा रकमबाट हाल कायम रहेको चुक्ता पुंजीको ५.३७ प्रतिशत नगद लाभांश (लाभांशमा लाग्ने कर प्रयोजनार्थ समेत) तथा ५ प्रतिशत बोनस शेयर बितरण गर्ने प्रस्ताव पारित भएको हो । अघिल्लो आर्थिक वर्षमा बैंकले ७ प्रतिशत लाभांश वितरण गरेको थियो ।

आर्थिक वर्ष २०८०/८१ को तुलनामा आर्थिक वर्ष २०८१/८२ को अन्त्यमा बैंकका समग्र वित्तीय परिसुचकहरुमा सकरात्मक परिवर्तन देखिएको छ । आर्थिक वर्ष २०८०/८१ को अन्त्यमा आधार दर ९.३९ प्रतिशत रहेकोमा आर्थिक वर्ष २०८१/८२ को अन्त्यमा ६.९४ प्रतिशत रहेको छ । साथै पुँजीकोष पर्याप्तता अनुपातमा उल्लेख्य सुधार भई १४.९३ प्रतिशत बाट वृद्धि भई १७.०६ प्रतिशत पुगेको छ । आर्थिक वर्ष २०८१/८२ को अन्त्यमा बैकको निक्षेप रु. ५६.२२ अर्ब रहेको छ भने कर्जा तथा सापटी रु.४७.२१ अर्ब रहेको छ ।

साथै यस बैंकको नियमावली बमोजिम संस्थापक समुह (क) बाट ३ जना र सर्वसाधारण समुह (ख) बाट ३ जना गरी जम्मा ६ जना सञ्चालक निर्वाचन गर्ने साधारण सभामा प्रस्ताव भए बमोजिम संस्थापक शेयरधनी समुह (क) बाट ३ जना क्रमश श्री राजेश उपाध्याय, श्री संजय गिरि र ग्रोइङ्ग प्रा.लि.को तर्फबाट श्री सागर मल्ल निर्वाचित हुनु भएको छ भने सर्वसाधारण शेयरधनी समुह (ख) बाट ३ जना क्रमश श्री श्याम सुन्दर रुंगटा, श्री राहुल अग्रवाल र श्री शालिक राम अर्याल निर्वाचित हुनु भएको छ । नवनिर्वाचित संचालक समितिको बसेको पहिलो बैठकबाट श्री राजेश उपाध्यायलाई संचालक समितिको अध्यक्षको रुपमा चयन गरेको छ ।

सभाका अध्यक्ष श्री राजेश उपाध्याय ज्यूले शेयरधनी महानुभावहरुहरुबाट प्राप्त सल्लाह सुझावलाई आत्मसाथ गर्दै बैंकले ग्राहकहरुको सन्तुष्टि एवं लगानीको उचित प्रतिफल प्रदान गर्न बैंकका क्रियाकलापहरुलाई थप परिमार्जन तथा विशिष्टीकरण गर्दै अझ बढि सक्षमताका साथ गुणस्तरीय वित्तीय सेवा प्रदान गर्न प्रतिबद्धता व्यक्त गर्नुभयो । साथै शेयरधनी तथा बैंकसँग सम्वन्धीत सम्पूर्ण सरोकार पक्षहरुले पुर्‍याउनु भएको सहयोगको लागि धन्यवाद ज्ञापन गर्नुभएको छ ।



# महालक्ष्मी विकास बैंकका नवनियुक्त अध्यक्ष श्री राजेश उपाध्याय ज्यू द्वारा पद तथा गोपनियताको सपथ

महालक्ष्मी विकास बैंक लिमिटेडको हालै सम्पन्न २४ औं वार्षिक साधारण सभाबाट नवनिर्वाचित संचालक समितिबाट अध्यक्षको रुपमा चयन हुनुभएका श्री राजेश उपाध्याय ज्यूले पद तथा गोपनियताको सपथ लिनुभएको छ ।




बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन २०७३ को दफा १२७ बमोजिम मिति २०८२/०९/२३ गते नेपाल राष्ट्र बैंकका डेपुटी गर्भनर श्री बम बहादुर मिश्र ज्यू समक्ष पद तथा गोपनियताको सपथ लिनुभएको छ। उक्त सपथ ग्रहण कार्यक्रममा नेपाल राष्ट्र बैंकका बैंक तथा वित्तीय संस्था नियमन विभागका कार्यकारी निर्देशक ज्यू र वित्तीय सस्था सुपरिवेक्षण विभागका कार्यकारी निर्देशक ज्यू लगायतका अन्य पदाधिकारीहरुको उपस्थिति रहेको थियो ।

मिति २०८२/०९/२१ मा सम्पन्न बैंकको वार्षिक साधारण सभा मार्फत संचालक समितिले प्रस्ताव गरे बमोजिम १०.३७ प्रतिशत लाभाशं वितरण गर्ने प्रस्ताव समेत अनुमोदन भएको थियो ।

# महालक्ष्मी विकास बैंक अर्न्तराष्ट्रिय अवार्डबाट सम्मानित ।

ग्राहकहरुलाई अत्याधुनिक, सुरक्षित तथा सहज बैंकिङ्ग सुविधा उपलब्ध गराईरहेको महालक्ष्मी विकास बैंक "बैकिङ्ग नवप्रवर्तन तथा ग्राहक सन्तुष्टीमा उत्कृष्ट" (Excellence in Banking Innovation and Customer Delight) विधा अन्तर्गत अन्तराष्ट्रिय अवार्डबाट सम्मानित भएको छ ।




डिसेम्बर ०७, २०२५ मा भारतको नयाँ दिल्लीमा आयोजित एक कार्यक्रमका बीच India Business Awards 2025 कार्यक्रम मार्फत महालक्ष्मी विकास बैंकलाई उक्त अन्तराष्ट्रिय अवार्ड प्रदान गरेको हो । महालक्ष्मी विकास बैंकको तर्फबाट यस बैंकका वरिष्ठ अधिकृतहरुले उक्त सम्मान ग्रहण गर्नुभएको हो । बैंकले बैंकको ब्रान्ड प्रतिष्ठा सुधार गर्न, ग्राहक विश्वास अभिवृद्धि गर्न, बैकिङ्ग सेवामा नवप्रवर्तनका कार्यहरु गर्न, उत्कृष्ट नेतृत्व तथा वृत्ति विकासमा सुधार गर्न तथा बैंकको मिडिया उपस्थिति र संस्थागत सामाजिक उत्तरदायित्वका क्षेत्रमा बैंकले गरेको उत्कृष्ट कार्य बापत उक्त अवार्ड बैंकले प्राप्त गर्न सफल भएको हो ।

दुई देश बीच सीमा-पार (Cross Border) वित्तीय सेवाहरुलाई प्रवर्द्धन गर्न तथा भारतबाट नेपालमा भुक्तानी सम्बन्धी कार्यहरु गर्दै आएको यस महालक्ष्मी विकास बैंकलाई यस अवार्डको प्राप्तीसँगै थप सहज हुने तथा नेपाल र भारतबीचको बैंकिङ्ग सम्बन्धलाई थप मजबुत बनाउन तथा सीमा-पार व्यापार र रेमिट्यान्स अभिवृद्धि गर्न सहयोग पुग्ने विश्वास बैंकले लिएको छ। नेपाल र भारत बीच सीमा पार भुक्तानीमा आवद्ध भएसँगै यस अवार्डको प्राप्ती बैंकको लागि थप महत्वपूर्ण सावित हुने विश्वास समेत बैंकले लिएको छ ।

हालै मात्र बैंक इन्डियन चेम्बर अफ कमर्स (ICC), भारतको प्रतिष्ठित अवार्डबाट समेत सम्मानित भएको थियो जसले अन्तराष्ट्रिय स्तरमा बैंकको उपस्थिती दर्शाउन तथा ख्याती अभिवृद्धि गर्न महत्वपुर्ण भुमिका निर्वाह गरेको थियो ।

# महालक्ष्मी विकास बैंकद्वारा अंग्रेजी नयाँ वर्षको अवसरमा परिमार्जित सुनचाँदी धितो कर्जा प्रदान गर्ने

अंग्रेजी नयाँ वर्ष २०२६ को अवसरमा महालक्ष्मी विकास बैंकले नयाँ वर्ष २०२६ को शुभकामना सहित आकर्षक सुविधा रहने गरी परिमार्जित सुनचाँदी धितो कर्जा (Loan Against Bullion) प्रदान गर्ने भएको छ ।




नयाँ वर्ष २०२६ लाई लक्षित गर्दै तथा नेपाली बजारमा सुन तथा चाँदी प्रतिको आकर्षण उल्लेखनीय रुपमा बढ्दै गरेको तथा सुनचाँदी गर्जो टार्ने मात्र नभई लगानीको रुपमा पनि प्रयोग गर्न सकिने विकल्पको रुपमा समेत हेरिएको वर्तमान अवस्थालाई मध्यनजर गर्दै बैंकले विशेष सुविधा सहित सुनचाँदी धितो कर्जा प्रदान गर्ने भएको हो । कम ब्याजदर, छरितो प्रक्रिया तथा सुरक्षित वित्तीय व्यवस्थापनको प्रतिवद्धता सहित यो सुविधा बैंकले प्रदान गर्ने भएको हो । यस अन्तर्गत ग्राहकहरुले प्रतिस्पर्धी ब्याजदरमा नै सुनचाँदीको धितोमा कर्जा उपभोग गर्न सक्नेछन् । कुनै पनि आधिकारिक विक्रेताहरुबाट सुनचाँदी खरिद गर्नको लागि समेत बैकले कर्जा प्रदान गर्नेछ । यो योजना अन्तर्गत कर्जाको अधिकतम सिमा रु.५० लाख हुनेछ । बैंकले आफ्ना ग्राहकहरूलाई अझै सहज, छिटो छरितो र भरपर्दो सेवा प्रदान गर्ने उद्देश्य अनुरुप हाल यो सेवा न्यूरोड (काठमाण्डौ), न्यूरोड (पोखरा), महाराजगंज, हेंटौडा, भैरहवा शाखाहरु मार्फत प्रदान गरिनेछ । यद्यपी सुनचाँदी कर्जाको निवेदन जुनसुकै शाखा कार्यालय मार्फत पेश गर्न सकिनेछ । ग्राहकहरूको वित्तीय व्यवस्थापनलाई थप सहज बनाउने विश्वास व्यक्त गर्दै बैंकले भविष्यमा समेत ग्राहक हितमा केन्द्रीत रही विभिन्न अवसर तथा चाडपर्वहरुमा नविनतम् सेवाहरू उपलब्ध गराउँदै जाने बैंकले जनाएको छ ।

# महालक्ष्मी विकास बैंकको मोबाइल बैंकिङ्ग एप “महालक्ष्मी स्मार्ट साथी” मार्फत टप अप गर्दा क्यास ब्याक अफर

महालक्ष्मी विकास बैंकले ग्राहकहरुलाई अत्याधुनिक, सुरक्षित तथा सहज बैंकिङ्ग सुविधा उपलब्ध गराउने बैंकको नीति बमोजिम मंसिर २१, २०८२ देखि पुस २१, २०८२ सम्म लागु हुने गरी क्यास ब्याक अफर ल्याएको थियो ।

यस अन्तर्गत महालक्ष्मी विकास बैंकको मोबाइल एप “महालक्ष्मी स्मार्ट साथी” मार्फत प्रथम पटक न्यूनतम रु. १०० मोबाइल टप अप (नेपाल टेलिकम र एनसेल मात्र) गर्दा टप अप गरेको रकमको २५ प्रतिशत वा रु.२०० सम्म ग्राहकले क्यास ब्याक पाउने छन् । यो अफर मंसिर २१, २०८२ देखि पुस २१, २०८२ सम्म मात्र लागु भएको थियो । यो सुविधाको थप गरेसँगै बैंकको आफ्नो डिजिटल बैंकिङ्ग सेवालाई विस्तार गर्न, मोबाइल टप अप बैंकिङ्ग एप मार्फत गर्न प्रोत्साहन गर्न तथा ग्राहक सन्तुष्टि अभिवृद्धि गर्न सहयोग पुग्ने विश्वास बैंकले लिएको छ । डिजिटल नवप्रर्वद्धनको क्षेत्रमा नेपालमा रहेको विकास बैंकहरुमा अग्रणी स्थानमा रहेको महालक्ष्मी विकास बैंक यस प्रकारका सेवाहरु उपलब्ध गराउनेमा अग्रणी स्थानमा रहेको छ ।

हालै मात्र बैंकले आफ्ना क्रेडिट कार्ड वाहकहरुले विभिन्न ट्राभल एजेन्सी मार्फत टुर प्याकेज खरिद गर्दा महालक्ष्मी बैंकको क्रेडिट कार्ड प्रयोग गरी खरिद गर्न सक्ने योजनाको सुरुवात गरेको छ । यस अन्तर्गत आफुले खरिद गरेको टुर प्याकेजको मुल्य बराबरको रकमको भुक्तानी ६ महिना देखि १२ महिना सम्मको लचिलो अवधि रहने गरी मासिक रुपमा भुक्तान गर्न मिल्ने गरी रुपान्तरण गर्न समेत सक्नेछन् । ग्राहकहरुलाई अत्याधुनिक, सुरक्षित तथा सहज डिजिटल बैंकिङ्ग सुविधा उपलब्ध गराउने बैंकको नीति बमोजिम बैंकले मोबाइल एप्लिकेसनलाई अझै परिष्कृत गर्दै जाने प्रतिबद्धता समेत व्यक्त गर्दछ ।

# महालक्ष्मी विकास बैंकले ६.९९ प्रतिशतमै कर्जा प्रदान गर्ने

महालक्ष्मी विकास बैंकले कर्जा ग्राहकहरुलाई लक्षित गरी महालक्ष्मी घर कर्जा तथा साना तथा मझौला उद्योग कर्जा एकल अंकको ब्याजदर (६.९९ प्रतिशतमा) नै प्रदान गर्ने भएको छ ।

महालक्ष्मी घर कर्जा अन्तर्गत आवासीय/व्यापारिक घर/जग्गा खरिद गर्न, घर निर्माण गर्न, अर्पाटमेन्ट खरिद गर्न, घर थप/पुर्ननिर्माण/मर्मत सम्भार गर्न न्यूनतम २ वर्ष देखि अधिकतम ३० वर्ष अवधी रहने गरी कर्जा प्रदान गर्नेछ । यस्तो कर्जाको ब्याजदर ७ वर्ष अवधीको लागि स्थिर समेत रहनेछ । साना तथा मझौला उद्योग व्यवसायीहरुको कर्जामा कम ब्याजदरको अपेक्षा तथा मागलाई सम्बोधन गर्न चालुपँजी प्रकृतीको कर्जा सेमत ६.९९ प्रतिशतमा प्रदान गर्नेछ । साथै निजि सवारी खरिद गर्न ५ वर्ष अवधीको लागि ७.४९ प्रतिशत र सात वर्ष अवधीको लागि ७.९९ प्रतिशतमा कर्जा प्रदान गर्नेछ ।

हालै मात्र बैंकले डिजिटल कारोबार प्रवर्द्धन गर्न, ग्राहक सुविधा अभिवृद्धि गर्न तथा सुरक्षित र नगद रहित बैंकिङ्ग कारोबारलाई बढावा दिन "महालक्ष्मी माघ महोत्सव" -डिजिटल प्रवर्द्धन महिना सञ्चालन गर्ने भएको छ। बैंकले हरेक वर्षको माघ महिनालाई डिजिटल कारोबार प्रवर्द्धन महिनाको रुपमा मनाउने निर्णय बमोजिम "महालक्ष्मी माघ महोत्सव" मनाउन थालिएको हो ।




# महालक्ष्मी विकास बैंकद्वारा सितारामा प्रसाई जेहेन्दार छात्रवृत्ति वितरण

"सबल बैंक, सफल सहकार्य" को नारालाई आत्मसाथ गर्दै नेपाली जनताको घरदैलोमा अनवरत रुपले सरल, सहज र गुणस्तरिय वित्तीय सेवा प्रदान गर्दै आईरहेको महालक्ष्मी विकास बैंकले श्री सिताराम सामुदायिक अंग्रेजी विद्यालय, मेचीनगर- १४ झापामा कक्षा आठमा अध्ययनरत छात्रा श्री मुस्कान खातुनलाई सिताराम प्रसाई जेहेन्दार छात्रवृत्ति प्रदान गरेको छ ।

महालक्ष्मी विकास बैंकका पुर्व अध्यक्ष श्री सिताराम प्रसाईको स्मृतिमा स्थापित सिताराम प्रसाई जेहेन्दार छात्रवृत्ति यस बैंकको बिर्तामोड शाखा कार्यालयद्धारा प्रदान गरिएको हो । अध्ययनमा उत्कृष्ट तर पारिवारिक आर्थिक स्थिति कमजोर भएकोले विद्यार्थीको अध्यापनमा सहयोग पुर्याउने उद्देश्यले रु.पचास हजार बराबरको छात्रवृत्ति उपलब्ध गराईएको हो ।



# Training Details Second Quarter Fiscal Year 2082-83

| SN | Training / Seminar/ Conference | Training Date From Nepali | Training Date To Nepali | Actual Presence |
|---|---|---|---|---|
| 1 | Operational Risk Management | 2082/07/29 | 2082/07/29 | 49 |
| 2 | Financial Literacy- Madhesh Province | 2082/07/28 | 2082/07/28 | 4 |
| 3 | Entrepreneurship & Banking Development | 2082/07/29 | 2082/08/05 | 14 |
| 4 | AI in Banking & Fintech | 2082/08/04 | 2082/08/04 | 2 |
| 5 | Workshop on AML | 2082/07/12 | 2082/07/12 | 4 |
| 6 | Operation Risk Management | 2082/08/12 | 2082/08/12 | 27 |
| 7 | AOTCA International Tax Conference | 2082/08/03 | 2082/08/04 | 3 |
| 8 | Cracking the Code: Inside Nepal's Cyber World with the Cyber Bureau | 2082/08/12 | 2082/08/12 | 6 |
| 9 | Revitalizing Microfinance in Nepal: Trust, Tech and Transformation | 2082/07/20 | 2082/07/20 | 1 |
| 10 | Credit Documentation and NPA Management | 2082/08/20 | 2082/08/20 | 3 |
| 11 | Soft Skills Management & Emotional Intelligence at Workplace | 2082/08/29 | 2082/09/01 | 22 |
| 12 | Smart Strategies for Debt Recovery | 2082/07/29 | 2082/07/29 | 2 |
| 13 | Operation Risk Management | 2082/08/26 | 2082/08/26 | 32 |
| 14 | AML Conference | 2082/08/04 | 2082/08/04 | 2 |
| 15 | Consulative Selling Techniques for Banking Professionals | 2082/08/27 | 2082/08/27 | 2 |
| 16 | AI for Members | 2082/06/28 | 2082/06/30 | 1 |
| 17 | Operation Risk Management | 2082/08/05 | 2082/08/05 | 19 |
| 18 | Credit Documentation and NPA Management | 2082/08/06 | 2082/08/06 | 2 |
| 19 | Credit Documentation and NPA Management | 2082/09/05 | 2082/09/05 | 2 |
| 20 | Financial Literacy - Koshi Province | 2082/08/26 | 2082/08/26 | 4 |
| 21 | Microsoft SQL (MS SQL) | 2082/09/07 | 2082/09/10 | 1 |
| 22 | Digital Banking and Cyber Fraud Conference | 2082/08/26 | 2082/08/26 | 2 |
| 23 | Digital Banking and Cyber Fraud Conference | 2082/09/01 | 2082/09/01 | 2 |
| 24 | Operation Risk Management | 2082/09/11 | 2082/09/11 | 14 |
| 25 | Hydropower Project Financing: Transforming Hydropower Project into Viable Investments | 2082/08/19 | 2082/08/20 | 4 |
| 26 | Credit Risk and Recovery Management Symposium | 2082/08/26 | 2082/08/26 | 3 |
| 27 | Operation Risk Management | 2082/09/11 | 2082/09/11 | 34 |
| 28 | Branchwise Performance Review Program | 2082/08/18 | 2082/08/18 | 60 |
| 29 | Induction/Orientation program to the newly appointed team members | 2082/09/08 | 2082/09/23 | 25 |
| | Total | | | 346 |



२०८२/०८/२९ देखि २०८२/०९/०१ सम्म काठमाण्डौंमा आयोजित “Soft Skills Management & Emotional Intelligence at Workplace” शिर्षक अन्तर्गत आयोजित तालिम कार्यक्रम



२०८२/०७/२९ मा “Operation Risk Management” शिर्षक अन्तर्गत काठमाण्डौंमा आयोजित तालिम कार्यक्रम

# मासिक बचत खाता खोल्न दिइएको लक्ष्य प्राप्त गर्ने शाखा कार्यालयहरु
# दोस्रो त्रैमास आर्थिक वर्ष २०८२/८३

| कार्तिक २०८२ | मंसिर २०८२ | | पुस २०८२ | | |
|---|---|---|---|---|---|
| पकडी | श्रीपुर विरगंज | साँफेबगर | विरगंज | बेलौरी | सुर्खेत |
| महाराजगंज | पकडी | बेलौरी | श्रीपुर विरगंज | सतुगंल | बर्दीवास |
| राजापुर | मसुरिया | राजापुर | हसुलिया | घोराही दाङ्ग | थापाथली |
| मसुरिया | बेथरी | ठमेल | बेथरी | भैरहवा | पाटन-बैतडी |
| चन्द्रौटा | पिपल्ला | बाँसगढी | पर्सौनी | मसुरीया | सिमरा |
| महेन्द्रनगर | चन्द्रौटा | न्यूरोड पोखरा | कमाने हेटौंडा | बाँसगढी | दरबारमार्ग |
| विरगंज | पर्सौनी | सिसुवा | चन्द्रनिगापुर | चावहिल | राजापुर |
| मार्तडी-बाजुरा | गोलबजार | कुमारीपाटी | पकडी | चिप्लुढुङ्गा | कलैया |
| सतुगंल | तुल्सीपुर | सातदोबाटो | हेटौंडा | हाकिमचोक | ढल्केवर |
| साँफेबगर | घोराही दाङ्ग | चन्द्रनिगापुर | गंगबु | टिकापुर | ठमेल |
| लाहान | लाहान | तिनचुली | कावासोती | महाराजगंज | सुकेधारा |
| बेथरी | मार्तडी-बाजुरा | विजयपुर पोखरा | मनहरी | धनगढी | मनिग्राम |
| बाँसगढी | महाराजगंज | अमरपथ | पिपल्ला | लमही | न्यूरोड पोखरा |
| न्यूरोड पोखरा | सुर्यपुरा | पुतलीसडक | मंलगवा | सातदोबाटो | लालबन्दी |
| चिप्लेढुङ्गा | सतुगंल | सुकेधारा | लाहान | धकधही | सिसुवा |
| रुकुम | सुर्खेत | धकधही | परासी | रुपनी | माहिलवार |
| सिसुवा | भैरहवा | | सुर्यपुरा | चन्द्रौटा | कुमारीपाटी |
| सुर्यपुरा | मलगंवा | | गोलबजार | टाँडी | विजयपुर पोखरा |
| हाकिम चोक | टाँडी | | महेन्द्रनगर | बसुन्धारा | |
| कलैया | हाकिम चोक | | अमरपथ | पुतलीसडक | |
| विजयपुर पोखरा | हेंटौडा | | मार्तडी-बाजुरा | धार्के | |

# मासिक कर्जा लक्ष्य प्राप्त गर्ने शाखा कार्यालयहरु
# दोस्रो त्रैमास आर्थिक वर्ष २०८२/८३

| कार्तिक २०८२ | मंसिर २०८२ | पुस २०८२ | |
|---|---|---|---|
| न्यूरोड काठमाण्डौं | न्यूरोड काठमाण्डौं | न्यूरोड काठमाण्डौं | हेटौंडा |
| ठमेल | ठमेल | ठमेल | विजयपुर पोखरा |
| गंगबु | हेटौंडा | नयाँबजार | मनिग्राम |
| मनिग्राम | मनिग्राम | डल्लु | बर्दीवास |
| | बर्दीवास | भक्तपुर | |

# महालक्ष्मी विकास बैंक लिमिटेडका ग्राहकहरुलाई विभिन्न संस्थाका सेवाहरुमा विशेष छुट ।

"सबल बैंक, सफल सहकार्य" को नारालाई आत्मसाथ गर्दै नेपाली जनताको घरदैलोमा अनवरत रुपले गुणस्तरीय वित्तीय सेवा प्रदान गर्दै आएको यस महालक्ष्मी विकास बैंक लिमिटेडले स्वास्थ्य क्षेत्र, रेष्टुरेन्ट लगायतका संस्थाहरुसँग समन्वय गरी अगाडि बढ्ने अभिप्रायका साथ विभिन्न स्थानमा अवस्थित संस्थाहरुसँग सम्झौता गरेको छ ।

सम्झौता पश्चात महालक्ष्मी विकास बैंकका डेबिट अथवा क्रेडिट कार्ड तथा मोबाइल बैंकिङ्ग प्रयोग गर्ने ग्राहकहरुले उक्त संस्थाहरुका विभिन्न सेवाहरुमा विशेष छुट प्राप्त गर्न सक्नेछन् । उक्त संस्थाहरु र प्राप्त गर्न सकिने छुट निम्न लिखित छन्ः

| क्र.स. | संस्था | ठेगाना | विवरण | प्राप्त गर्न सकिने छुट |
|---|---|---|---|---|
| १ | स्माईल डेन्टल क्लिनिक प्रा.लि. | सामाखुसी, काठमाण्डौं | दन्त सेवा | २० प्रतिशत सम्म |
| २ | बन्दीपुर माउण्टेन रिर्सोट | बन्दीपुर, तनहुँ | खाना, आवास तथा पेय पदार्थ | १० प्रतिशत सम्म |
| ३ | सिदार्थ हस्पिटिलिटी | तिनकुने, काठमाण्डौं | आवास | २० प्रतिशत सम्म |
| ४ | अरेबिका कफी | दरबारमार्ग, काठमाण्डौं | कफी तथा तातो पेय पदार्थ | १० प्रतिशत सम्म |
| ५ | क्याफेयोफिलिया | भैसेपाटी, ललितपुर | कफी तथा तातो पेय पदार्थ | १० प्रतिशत सम्म |

यस किसिमको सहकार्यबाट बैंकका डेबिट अथवा क्रेडिट कार्ड तथा मोबाइल बैंकिङ्ग प्रयोग गर्ने ग्राहकहरु प्रत्यक्ष रुपमा लाभान्वित हुने विश्वास बैंकले लिएको छ । यसका साथसाथै डिजिटल युगसँग नेपाली जनतालाई साक्षात्कार गराउने उद्देश्यले बैकले विभिन्न शाखाहरुबाट वित्तीय जनचेतनामुलक कार्यक्रमहरु संचालन गर्दै आएको छ ।

हालै मात्र बैंकले आफ्ना क्रेडिट कार्ड वाहकहरुले विभिन्न ट्राभल एजेन्सी मार्फत टुर प्याकेज खरिद गर्दा महालक्ष्मी बैंकको क्रेडिट कार्ड प्रयोग गरी खरिद गर्न सक्ने योजनाको सुरुवात गरेको छ । यस अन्तर्गत आफुले खरिद गरेको टुर प्याकेजको मुल्य बराबरको रकमको भुक्तानी ६ महिना देखी १२ महिना सम्मको लचिलो अवधि रहने गरी मासिक रुपमा भुक्तान गर्न मिल्ने गरी रुपान्तरण गर्न समेत सक्नेछन् ।



**महालक्ष्मी विकास बैंकमा कार्यरत कर्मचारीहरुको सिर्जनशीलतालाई सम्मान गर्दै महालक्ष्मी बुलेटिन वर्ष ७ अंक २६ देखी कर्मचारीहरुले लेखेको विभिन्न लेख/रचनाहरु प्रकाशन गर्ने कार्यको सुरुवात गरिएको छ । यस अंकको छनोट भएका लेखहरु क्रमश तल प्रस्तुत गरिएको छ :**

# Empowering Excellence Through Learning



Santosh Subedi
Human Resource Department

Mahalaxmi Bikas Bank exemplifies an unwavering commitment to the capacity enhancement of its team members, whom it proudly regards as the biggest assets driving success. Guided by the theme “Sabal Bank, Safal Sahakarya” and inspired by the heartfelt motto of “Service with Smile,” the Bank believes that organizational strength is built through capable, confident, and motivated people. Aligned with its vision to become, “The Most Trusted Bank” to the customers, employees, stakeholders, and regulators, Mahalaxmi Bikas Bank continuously strives for excellence through innovation and improvement, strong corporate governance, and a professional work culture. These efforts are strategically guided by four foundational pillars: Innovation, Improvement, Corporate Governance, and Culture.

From its very inception, Mahalaxmi Bikas Bank has deliberately invested in capacity enhancement programs and employee engagement events to foster a dynamic, skilled workforce. These initiatives include a diverse array of learning and development (L&D) programs, such as in-house training sessions designed to strengthen internal leadership qualities and overall capacity. Complementing these are customized programs delivered by external expert training institutions, alongside opportunities for team members to attend open-call training and development sessions organized by leading experts. This multi-faceted approach ensures alignment with market know-how and evolving industry demands. Adding prestigious feathers to its cap, Mahalaxmi Bikas Bank has been honored with the L&D Excellence Award-2023, recognizing its outstanding commitment to investing in people, structured training, and institutional growth. This prestigious recognition reaffirms the Bank’s belief that continuous learning and people development are essential drivers of long-term success. In alignment with its comprehensive learning agenda, the Bank chartered the “Mahalaxmi Toastmasters Club” on 6th June 2025. This initiative reflects the Bank’s progressive approach to developing not only technically sound banking professionals, but also confident communicators and effective leaders.

**The Profound Significance of L&D Programs**

Learning and development programs represent the heartbeat of Mahalaxmi Bikas Bank's strategy, delivering profound significance by directly enhancing staff capacities in a sector where precision, adaptability, and trust are paramount. These initiatives bridge critical skill gaps, ignite leadership potential, and cultivate a resilient organizational culture, yielding measurable impacts like increased productivity, reduced employee turnover, heightened innovation, and superior customer service.

Consider the ripple effects: In-house trainings not only fortify internal leadership but also instill a sense of ownership, leading to proactive problem-solving in daily operations like loan approvals and client advisory. Customized external programs expose employees to global best practices, aligning them with market trends such as sustainable finance and cybersecurity. Open-call sessions broaden perspectives, fostering cross-industry insights that spark innovative solutions tailored to Nepal's unique context. Ultimately, learning & development programs elevate individual performance to institutional strength, embodying the vision of a "Sabal Bank, Safal Sahakarya" where employee growth directly fuels organizational success.

**Toastmasters Phenomenon: Global Flourishing and Local Pioneering**

Globally, Toastmasters International has flourished into a network of over 14,000 clubs across more than 140 countries, attracting millions due to its time-tested, experiential curriculum that addresses timeless professional needs. In an era dominated by remote work, AI-driven changes, and interconnected economies, the fraternity's emphasis on structured public speaking, impromptu evaluations, and leadership role-playing provides irreplaceable skills. Members progress through Pathways—customizable tracks earning credentials recognized by international related governing authorities—leading to sustained growth even amid global shifts. Its volunteer-led model, inclusive ecosystem, and proven outcomes in building confident communicators explain its enduring appeal and expansion. Mahalaxmi Toastmasters Club, as a corporate club chartered on June 6, 2025, stands uniquely as the sole such initiative among development banks. This pioneering step adds another feather in the bank's hat, reinforcing its leadership in employee-centric innovation.

**Toastmasters: Catalyzing Personal and Professional Growth**

For Mahalaxmi Bikas Bank staff, the Toastmasters fraternity offers unparalleled avenues for personal and professional development, seamlessly aligning with the bank's pillars and vision. Toastmasters offers powerful personal growth by helping individuals overcome public speaking anxiety—an especially common challenge in Nepal's hierarchical and multilingual society. The program cultivates active listening, emotional intelligence, and the ability to give and receive constructive feedback, leading to stronger interpersonal relationships and improved work–life harmony. By embracing evaluations and learning from vulnerabilities, participants build resilience and a mindset of continuous, holistic self-improvement.

On the professional front, Toastmasters sharpens essential presentation and communication skills needed for client pitches, team briefings, regulatory engagements, and board meetings—key functions within Nepal's relationship-driven banking and corporate culture. Additionally, networking through joint events encourages idea exchange and innovation in areas like digital customer service and sustainable lending, while global exposure prepares members for international collaboration and broader professional impact.

Mahalaxmi Bikas Bank's comprehensive L&D ecosystem—bolstered by the L&D Excellence Award, pioneering Toastmasters charter, and unwavering support—transforms its greatest assets into unstoppable forces. This holistic empowerment not only highlights the significance of capacity enhancement but cements the bank's stature as Nepal's trusted beacon of innovation, governance, and service excellence. By investing in its people and nurturing a culture of learning, communication, and leadership, Mahalaxmi Bikas Bank continues to strengthen its promise of “Sabal Bank, Safal Sahakarya” while delivering “Service with Smile.”

As Mahalaxmi Bikas Bank continues its journey of growth and excellence, our commitment to learning, capacity building, and employee empowerment will only deepen. The Bank envisions an even stronger culture of continuous learning, where every team member is equipped with the skills, confidence, and mindset to thrive in a dynamic banking environment.

Looking ahead, we plan to expand our Learning & Development initiatives, introducing innovative programs, advanced leadership modules, and specialized skill-building workshops tailored to meet both individual and organizational needs. Platforms like the Mahalaxmi Toastmasters Club will continue to nurture communication and leadership skills, while additional learning forums will foster knowledge sharing, collaboration, and creativity across the Bank.

Through these initiatives, Mahalaxmi Bikas Bank is not just investing in training—it is investing in people, in potential, and in the future of the Bank. By empowering our team members to grow, lead, and innovate, we strengthen our foundation, enhance service excellence, and uphold our vision of being The Most Trusted Bank to our customers, employees, stakeholders, and regulators.

Together, we are building a culture where learning fuels leadership, and people drive progress, ensuring that Mahalaxmi Bikas Bank continues to shine as a milestone of trust, excellence, and innovation.

# वित्तीय साक्षरता : आजको आवश्यकता



मोहनदेव भट्ट
भाटभाटेनी शाखा

सामान्यतया, कुनै पनि व्यक्तिलाई वित्तसँग सम्बन्धित निर्णय लिन आवश्यक आधारभुत ज्ञान, सीप र व्यवहारको समग्रतालाई नै वित्तीय साक्षरता भनिन्छ । वित्तीय साक्षरतालाई वित्तीय चेतना, वित्तीय शिक्षा, वित्तीय जागरण, वित्तीय सचेतना जस्ता शब्दावलीहरुले पनि जनाइने गरिन्छ । अतः पैसा कसरी कमाउने, खर्चमा कसरी मित्तव्ययीता कायम गर्ने, लगानी कसरी गर्ने, भविष्यमा आइलाग्ने सम्भावित आर्थिक जोखिम विरुद्ध लड्न आर्थिक रुपमा कसरी सबल हुने, नियम संगत आर्थिक कारोबार कसरी गर्ने, वित्तीय ठगी बाट कसरी जोगिने भन्ने कुरा वित्तीय साक्षरताले सिकाउने गर्दछ ।

सामान्य अर्थमा पैसा वा भुक्तानीका अन्य साधन सँग सम्बन्धित कारोबारलाई वित्तिय कारोबार भनिन्छ । मानव सभ्यताको विकासक्रम र मानिसका चाहना र आवश्यकताको क्षितिज फराकिलो भएसँगै मानवीय जीवन र वित्तीय कारोबार एक अर्काका परिपुरक जस्तै भएका छन । हामी हाम्रो दैनिक जीवनमा आवश्यकता अनुसार पैसा लेनदेन गरिरहेका हुन्छौ । समय अनुसार वित्तीय कारोवारका माध्यम परिवर्तन भइरहेका छन । सुचना प्रविधिको विकास, विश्वव्यापिकरण र निजीकरणले गर्दा यस प्रकारका साधन र सोको प्रयोगको प्रणाली परिवर्तन भईरहेको छ । अहिले अधिकांश वित्तीय कारोबार विभिन्न बैंक तथा वित्तीय संस्था मार्फत गर्ने गरिन्छ । त्यसकारण वित्तीय साक्षरता र बैंकिङ्ग ज्ञान पर्यावाची जस्तै लाग्छ । नियम सङ्गत र वैधानिकताले पनि धेरै आर्थिक कारोबार गर्न बैंक नै रोजेको पाईन्छ । Organization for Economic Co-operation and Development (OECD) ले ज्ञान, सीप, मनोवृत्ति, र व्यवहारिक परिवर्तनलाई चार मुख्य आयामहरुको रुपमा लिएको छ ।

नेपाल राष्ट्र बैंकको पछिल्लो तथ्यांकका अनुसार नेपालमा अहिले क, ख, ग र घ वर्गका बैंक तथा वित्तीय संस्थाको संख्या क्रमशः २०, १७, १७ र ५४ रहेको छ र एउटा पुर्वाधार बिकास बैंक पनि रहेको छ । सम्पूर्ण बैंक तथा वित्तीय संस्थाहरुले देश भरीमा विभिन्न १३,०४४ शाखा कार्यालय मार्फत सेवा प्रदान गर्दै आएका छन् । २०८१ मा बझाङ्गको सैपालमा एभरेष्ट बैंकको शाखा बिस्तार भएसँगै देशका सम्पूर्ण स्थानीय तहमा विभिन्न बैंक तथा वित्तीय संस्थाका शाखा पुगेका छन । तथापि गरिबी, अशिक्षा, अज्ञानता, बेरोजगारी, नागरिकमा बैंक प्रतिको विश्वासको कमि जस्ता कारणले अझै पनि जनतामा वित्तीय चेतनाको विकास सोचे अनुरुप हुन सकेको छैन । अझै पनि बैंकहरु सहर केन्द्रित हुँदा दुरदराजका जनता वित्तीय सेवा सुबिधाबाट वंचित छन । जसले एकातिर वित्तीय समावेशिकरणको सिद्धान्त पालना भएको पाँइदैन भने अर्को तिर मिटरव्याज जस्ता वित्तीय ठगीका घटना बढ्ने र जनतामा बचत गर्ने बानीको विकास कम हुने समस्या बढ्दो छ । यस सन्दर्भमा वित्तीय साक्षरताको महत्व निम्नअनुसार उल्लेख गर्न सकिन्छ ।

**आर्थिक निर्णय लिन सहज**

वित्तीय साक्षरता भएका व्यक्तिले आफ्नो आम्दानी, खर्च, बचत, र लगानीको सही योजना बनाउन सक्छन् । पारिवारिक बजेट बनाउने, अनावश्यक ऋण नगर्ने र दीर्घकालीन योजना तयार गर्ने जस्ता कार्य गरि आफ्नो परिवार तथा समाजलाइ आर्थिक समुन्नतिको बाटोमा लैजान सहयोग मिल्दछ ।

**ऋण र जोखिम व्यवस्थापनमा सहयोगी**

वित्तीय ज्ञानले व्यक्तिलाई सही किसिमको ऋण लिने, ब्याजदर बुझ्ने र वित्तीय जोखिम कम गर्ने उपाय अपनाउन सक्ने बनाउँछ ।

**बचत र लगानीमा सुधार**

व्यक्तिले भविष्यका आवश्यकताहरू जस्तैः शिक्षा, घर, स्वास्थ्य र वृद्धावस्थाको लागि बचत र लगानी गर्न सक्षम हुन्छ । सही लगानीका विकल्पहरु र आवाश्यकताहरुको सहि छनोट गर्न सजिलो हुन्छ ।

**वित्तीय ठगीमा कमि**

समाजमा अहिले विभिन्न प्रवृत्तिका वित्तीय ठगीका घटनाहरु सतहमा आइरहेका हुन्छन । वित्तीय साक्षरताले वित्तीय चेतना विकास गरी वित्तीय ठगी र गैर कानुनी वित्तीय कारोबारलाई दुरुत्साहन गर्दछ ।

**समाज र अर्थतन्त्रमा सकारात्मक प्रभाव**

जब धेरै मानिसहरू वित्तीय रूपले सक्षम हुन्छन्, तिनले अधिक बचत र लगानी गर्छन् जसले देशको आर्थिक विकासमा योगदान पुयाउँछ । देशमा वित्तीय समावेशीकरण बढ्छ, जसले गरीबी कम गर्न सहयोग गर्छ ।

सारांशमा भन्नुपर्दा, वित्तीय साक्षरता केवल पैसाको ज्ञान मात्र होइन, यो जीवनभरको वित्तीय सुरक्षा, आर्थिक स्थिरता, र सामाजिक विकासको आधार हो । नेपाल जस्तो विकासशील देशहरुमा बैंक तथा वित्तीय संस्थाको पँहुच नहुने र वित्तीय सचेतना न्यून भएको कारणले मिटर ब्याज, ठगी धन्दा, सम्पत्ती शुद्धीकरण, विप्रेषणमा हुन्डीको प्रयोग, नेपालमा प्रतिबन्धित क्रृप्टोकरेन्सीको कारोबार, सट्टेबाजी जस्ता वित्तीय अपराधका घटना बढ्दै गएका छन । यी र यस्तै घटनाहरुको निराकरण गरी देशलाइ आर्थिक समुन्नतिको बाटोमा लान वित्तीय साक्षरताको महत्वपुर्ण योगदान रहेको छ ।

# कर्जा अनुशासन र जिम्मेवार ऋण



निर्मला खनाल
बानेश्वर शाखा

कर्जा बैंकिङ्ग प्रणालीको एक आधारभुत स्तम्भ हो, जसले व्यक्ति, व्यवसाय र समग्र अर्थतन्त्रको विकासमा महत्वपुर्ण योगदान पुर्‍याँउछ । कृषि उत्पादन विस्तारदेखी साना तथा मझौला उद्यम सञ्चालन, शिक्षा, स्वास्थ, आवास र पूर्वाधार विकाससम्म कर्जाले आवश्यक पुँजी उपलब्ध गराउँदै आएको छ । तर कर्जा सही तरिकाले प्रयोग भए मात्र यसको प्रभाव सकारात्मक हुन्छ । त्यसका लागी कर्जा प्रयोगमा अनुशासन र जिम्मेवारी अपनाउनु अत्यन्त आवश्यक हुन्छ ।

कर्जा अनुशासन भन्नाले आफ्नो वास्तविक आय आर्जन क्षमता, नियमित खर्च र भविष्यका आर्थिक दायित्वलाई ध्यानमा राखी मात्र ऋण लिने व्यवहारलाई जनाउँछ । आवश्यकता भन्दा बढी ऋण लिँदा भुक्तानी क्षमतामा दबाब पर्न जान्छ जसले आर्थिक तनाव बढाउने, किस्ता भुक्तानीमा ढिलाई हुने र अन्ततः खराब कर्जाको अवस्था सिर्जना गर्ने जोखिम बढाउँछ । यस्तो अवस्थाले कर्जाग्राही/ ऋणीको व्यक्तिगत वित्तीय सन्तुलन बिगार्नुका साथै बैंकिङ्ग प्रणालीको स्वास्थ्यमा पनि नकारात्मक असर पार्छ ।

जिम्मेवार ऋण भनेको लिइएको कर्जालाई उद्देश्य अनुसार र उत्पादनशील क्षेत्रमा प्रयोग गर्नु हो । कर्जाको रकम अनावश्यक विलासितामा खर्च गर्नुको सट्टा आयमुलक गतिविधिमा लगानी गर्नुपर्दछ । साथै कर्जा लिनुअघि स्पष्ट तरिकाको भुक्तानी योजना बनाउनु, नियमित रुपमा किस्ता तिर्नु र बैंकसँग पारदर्शी तथा विश्वासपुर्ण सम्बन्ध कायम राख्नु जिम्मेवार कर्जाग्राही/ऋणीको पहिचान हो र कर्तव्य पनि हो ।

यस प्रक्रियामा बैंकको भुमिका पनि अत्यन्त महत्वपुर्ण हुन्छ । बैंकले कर्जा लिने व्यक्ति अर्थात ऋणीको आर्थिक अवस्था, जोखिम वहन गर्न सक्ने सामर्थ्यता, कर्जाको प्रयोजन र नगद प्रवाहको सुक्ष्म विश्लेषण गर्नुका साथै यथार्थपरक मुल्यांकन गर्नुपर्छ । त्यसको साथसाथै ब्याजदर, शुल्क, समयावधि र सम्भावित जोखिमबारे ग्राहकलाई स्पष्ट जानकारी दिनु बैंकको दायित्व हो । कर्जा प्रवाहपछि निरन्तर अनुगमन र आवश्यक परामर्शले कर्जालाई स्वस्थ राख्न थप सहयोग पुर्‍याउँछ ।
समग्रमा कर्जा अनुशासन र जिम्मेवार ऋणले ऋणी र बैंक दुवैलाई लाभ पुर्‍याउँछ । यसले व्यक्तिगत वित्तीय स्थिरता कायम राख्नुका साथै बैंकिङ्ग प्रणालीलाई सुदृढ बनाउँछ र दिगो आर्थिक विकासका लागि मजबुत आधार तयार गर्छ ।

# वित्तिय अनुशासनमा मेरो भूमिका



बनिता पोखेल
दमक शाखा

वित्तीय अनुशासन भन्नाले आम्दानी र खर्चलाई योजनाबद्ध, सन्तुलित र जिम्मेवारपुर्वक व्यवस्थापन गर्नु हो । यसले अनावश्यक खर्च रोक्न र आर्थिक स्थिरता कायम राख्न मद्दत गर्छ । विशेष गरी वित्तीय अनुशासन अन्तर्गत आम्दानी अनुसार खर्च गर्ने, नियमित बचत र लगानी गर्ने बानीको विकास गर्ने, अनावश्वक ऋण लिनबाट जोगिने, मासिक र वार्षिक बजेट बनाएर पालना गर्ने, दिर्घकालीन आर्थिक लक्ष्य जस्तै शिक्षा, स्वास्थ्य, आवास आदिको लागि योजना तय गर्ने जस्ता क्रियाकलापहरु पर्दछन् ।

वित्तीय अनुशासनको कार्यहरु नियमित रुपमा निर्वाह गरेको अवस्थामा आर्थिक सुरक्षा बढ्छ, आपतकालीन अवस्थाको सामना गर्न सजिलो हुन्छ, ऋणको भार घट्छ र भविष्यको लागी पुँजी निमार्ण हुन्छ । साथै आम्दानी अनुसार खर्च कम गर्नाले भविष्यमा वा भैपरी आउने समस्या बाट जोगिन सकिन्छ । यसको लागि विभिन्न कार्यहरु गर्न सकिन्छ । उदाहरणको लागि मसिक वजेट बनाएर खर्च नियन्त्रण गर्न सकिन्छ, आम्दानीको केही हिस्सा बचत गर्न सकिन्छ र आवश्कता र चाहना बीच फरक छुट्याएर खर्चमा कम गर्न सकिन्छ ।

म विगत १५ वर्षदेखी यस महालक्ष्मी विकास बैकमा अपरेसन इर्न्चाजको हैसियतले सेवा गर्दै अएको छु । बैकिङ्ग क्षेत्रमा लामो अनुभव हासिल गर्ने क्रममा मैले आफ्नो पेशागत जिम्मेवारीलाई इमान्दारी, अनुशासन र समर्पण साथ निर्वाह गर्दै आएको छु । यस अवधिमा विभिन्न चुनौतीहरुको सामना गर्दै व्यावहारिक ज्ञान र नेतृत्व क्षमताको विकास गर्न सफल भएको छु । मैले सेवा गर्ने क्रममा सबैभन्दा महत्वपुर्ण पक्ष भनेको ग्राहकहरुसँग नजिकबाट जोडिने पाउनु हो । ग्राहकहरुको आवश्कता, समस्या र अपेक्षालाई बुझ्दै उनिहरुलाई उपयुक्त वित्तीय समाधान प्रदान गर्न तथा कसरी वित्तीय अनुशासन कायम गर्न सकिन्छ भनेर बुझाउन पाउँदा मलाई आत्मसन्तुष्टी मिलेको छ । विशेष गरी ग्राहकहरुलाई वित्तीय अनुशासन, बचतको महत्व तथा जिम्मेवार वित्तिय व्यवहार बारे सचेत गराउने अवसर पाउनु मेरो लागि गर्वको कुरा हो ।

मलाई लाग्छ यसरी आफ्नो आम्दानीलाई सहि रुपमा सदुपयोग गर्ने हो भने वचत सजिलै गर्न सकिन्छ र हाम्रा ग्राहकहरुले केही हद सम्म यी माथि उल्लेख गरिएका कार्यहरु अनुसरण गर्ने हो भने वित्तिय अनुशासन सजिलै पालन गर्न सकिन्छ र आफ्नो आम्दानीमा वित्तिय अनुशासन पालन गर्ने बानीको विकास गर्न सकिन्छ ।

# विभिन्न संस्थागत सामाजिक उत्तरदायित्वका कार्यक्रमहरु सम्पन्न

महालक्ष्मी विकास बैंक लि. ले स्थापनाकालदेखि नै विभिन्न संस्थागत सामाजिक उत्तरदायित्व अन्तर्गत आफ्ना शाखाहरु मार्फत विभिन्न कार्यहरु गर्दै आएको छ। देशैभरी फैलिएका यस महालक्ष्मी विकास बैंक लि. का विभिन्न शाखाहरुमार्फत अनवरत रुपमा शिक्षा, स्वास्थ्य, वातावरणीय सरसफाई जस्ता प्रमुख क्षेत्रहरुमा उल्लेखनीय योगदान दिने कार्यलाई निरन्तरता दिँदै आर्थिक वर्ष २०८२/८३ को दोस्रो त्रैमासमा निम्न बमोजिमका सामाजिक हितका कार्यहरु गरिएको छ।

### १. बृहत स्वास्थ्य शिविर संचालन गर्न आर्थिक सहयोग

महालक्ष्मी विकास बैंकले लायन्स क्लब अफ काठमाण्डौं गुराँस सँगको सहकार्यमा स्वास्थ्य शिविर सञ्चालन गर्न आर्थिक सहयोग गरेको छ। स्तन क्यान्सर, सर्भिकल क्यान्सर, कोलोन क्यान्सर जस्ता क्यान्सर रोगको पहिचान, मधुमेह, तथा थाईराइड रोगको पहिचान र साधारण स्वस्थ्य परिक्षण तथा दन्त परिक्षण कार्यको लागि आर्थिक सहयोग गरिएको हो। यस कार्यबाट समयमै रोगको पहिचान तथा स्वास्थ्य अवस्थाको सुधार गर्न सहयोग पुग्ने विश्वास लिइएको छ।

### २. विपन्न वर्गका विद्यार्थीहरुलाई न्यानो कपडा वितरण

महालक्ष्मी विकास बैंकले श्री बालकुमारी आधारभुत विद्यालय, ललितपुर म.न.पा-१८, सैंबु, भञ्ज्याङ्गमा बाल विकास कक्षा देखी कक्षा ०८ सम्म अध्ययनरत १८० विपन्न वर्गका विद्यार्थीहरुलाई चिसोबाट बच्न न्यानो कपडा वितरण गरेको छ। आर्थिक अवस्था कमजोर भएको कारण विद्यालय पोसाकको रुपमा प्रयोग हुने स्वीटर समेत नभएको कारण दैनिक पठनपाठनमा समेत असर परेको देखिन आएकोले न्यानो कपडा वितरण गरिएको हो।

### ३. शौचालय निर्माणको लागि आर्थिक सहयोग

संस्थागत सामाजिक उत्तरदायित्व अन्तर्गत दमक-०७, झापामा रहेको श्री पृथ्वी माध्यमिक विद्यालय, मेचीनगर-७, झापामा रहेको श्री अरनिको माध्यमिक विद्यालय, बरेङ्ग गाउँपालिका वडा न. ०४, बुर्तिबाङ्ग बागलुङ्गमा रहको श्री सल्यान साकुरा माध्यमिक विद्यालय र लिखु गाउँपालिका वडा न. ०३ मालाकोट नुवाकोटमा रहेको श्री गणेशसुर्य आधारभुत विद्यालयमा अध्ययनरत छात्राहरुलाई सुरक्षित र सहज रुपमा शौचालय सुविधा प्रदान गर्नको लागि आधुनिक शौचालय निर्माण गर्ने गरी विभिन्न रोटरी क्लबहरु मर्फत बैंकले आर्थिक सहयोग गरेको छ।

### ४. आर्थिक उपार्जनको लागि सिलाई मेसिन हस्तान्तरण

परम्परागत व्यवसायिक सीप, पेशा एवं कलालाई संवर्द्धन, आधुनिकिकरण र प्रमाणीकरण गर्दै क्षमता अभिवृद्धि तथा आर्थिक उपार्जन गर्नको निमित्त सहयोग गर्ने उद्धेश्यका साथ हुम्ला जिल्लाको अदानचुली गाउँपालिका वडा न. १ देखी ६ वडा सम्मका व्यक्तिहरुलाई सिलाई मेसिन दलित सशक्तिकरण केन्द्र नेपालको सहकार्यमा वितरण गरिएको छ। यस कार्यबाट ग्रामीण क्षेत्रमा रहेका व्यक्तिहरुको जीविको पार्जन गर्न सहयोग पुग्ने विश्वास लिइएको छ।

### ५. कर्णाली प्रदेश अन्तर्गतका विधार्थीहरुलाई छात्रवृत्ति प्रदान

महालक्ष्मी विकास बैंकले कर्णाली प्रदेश अन्तर्गत १० जिल्लाका सरकारी विद्यालयबाट माध्यमिक शिक्षा परिक्षा (एसइइ) पास गरी काठमाण्डौं उपत्यकामा प्लस टु तथा प्राविधिक शिक्षा तथा व्यवसायिक तालिम परिषद (सिटिईभिटी) अन्तर्गत डिप्लोमा अध्ययन गर्न चाहाने तर घरको आर्थिक अवस्था नाजुक भएका गरिब तथा जेहेन्दार विधार्थीहरुलाई कर्णाली प्रदेश पर्यटकीय तथा साँस्कृतिक संरक्षण केन्द्र, कालिकोटसँगको समन्वयमा बैंकको केन्द्रिय कार्यालयमा आयोजित एक कार्यत्रमका बिच छात्रवृत्ति बराबरको रकम प्रदान गरिएको छ। यस किसिमको कार्यबाट पैसाको अभावबाट कुनै पनि विद्यार्थीहरुको उच्च शिक्षा हासिल गर्न चाहानामा गतिशिलता प्रदान गर्न केही हदसम्म भए पनि सहयोग पुग्ने विश्वास बैंकले लिएको छ।

### ६. विद्यार्थीहरुलाई शैक्षिक सामाग्री वितरण

गोराखा जिल्लाको गण्डकी गाँउपालिका वडा न. ०३ मा रहेको श्री भैरव आश्रित माध्यमिक विद्यालयमा अध्ययनरत विद्यार्थीहरुलाई मुनलाईट सोसाइटी नेपालसँगको सहकार्यमा शैक्षिक सामाग्री वितरण गर्न आर्थिक सहयोग गरेको छ। यस कार्यबाट विद्यार्थीहरुको दैनिक पठनपाठनमा सहयोग पुग्ने विश्वास बैंकले लिएको छ।

### ७. प्रहरी वृत्त सातदोबाटोलाई कम्प्युटर तथा कार्यालय फर्निचर हस्तान्तरण

मिति २०८२/०५/२३ र मिति २०८२/०५/२४ गते भएको जेन-जी आन्दोलनको क्रममा प्रहरी वृत्त, सातदोबाटो क्षेतिग्रस्त भएको र दैनिक कार्यालय सञ्चालन  गर्न समेत कठिनाई भएको अवस्थालाई मध्यनजर गर्दै यस बैंकको सातदोबाटो शाखाद्धारा कम्प्युटर सेट-५ थान तथा टेबुल -३ थान हस्तान्तरण गरिएको छ । यस कार्यबाट प्रहरी वृत्त सातदोबाटोको दैनिक कार्यालयका कामकाज गर्न सहज हुने विश्वास बैंकले लिएको छ ।

### ८. खेलमैदान निर्माण गर्न आर्थिक सहयोग

भानुपथ, सिदार्थनगर-०९, रुपन्देहीमा रहेको श्री भानु माध्यमिक विद्यालयको खेलमैदान निर्माण गर्नको लागि यस बैंकको भैरहवा शाखा कार्यालय मार्फत आर्थिक सहयोग गरिएको छ । खेलमैदानमा भाष्टक राखी रोलिङ्ग गराई पानीको निकास गर्न आवश्यक पर्ने निर्माण ा कार्य गर्न बैंकले सहयोग गरेको हो ।






संस्थागत सामाजिक उत्तरदायित्व अन्तरर्गत गरिएको केही कार्यहरुको झलक

# महालक्ष्मी घर–दैलो कार्यक्रम सम्पन्न

बैंकका १०३ वटै शाखाहरु मार्फत हरेक महिना कम्तिमा पनि एउटा घर-दैलो कार्यक्रम सञ्चालन हुँदै आईरहेको छ । आर्थिक बर्ष २०८२/८३ को दोस्रो त्रैमासमा विभिन्न शाखाहरु मार्फत सम्पन्न भएका घर-दैलो कार्यक्रमहरुका केही झलकहरु:





बैंकको शाखा कार्यालयहरु श्रीपुर विरगञ्ज, बेथरी र हसुलियाँ शाखाले आयोजना गरेको घरदैलो कार्यक्रमका केही झलकहरु

# आजको बचत
# भोलिको खुशी !





**Published by Mahalaxmi Bikas Bank**



महालक्ष्मी विकास बैंक लि.
Mahalaxmi Bikas Bank Ltd.
(नेपाल राष्ट्र बैंकबाट "ख" वर्गको राष्ट्रियस्तरको इजाजत प्राप्त संस्था।)
सबल बैंक सफल सहकार्य

2nd Floor Annapurna Arcade II
Durbarmarg, Kathmandu, Nepal
Phone No.: +977-01-5368719, 5368720
Toll Free No.: 16600115015
Email: info@mahalaxmibank.com.np
Website: www.mahalaxmibank.com